नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०१५३६५९०८
बबरमहल,
काठमाडौं, नेपाल।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

मिति:२०८१/११/२७
ने.सं.११४५

## सूचना !

नेपालीहरुले उल्लासपूर्ण रूपमा मनाउदै आएको रंगहरुको पर्व फागू पुर्णिमा (होली) को उपलक्ष्यमा सम्पूर्ण नेपाली दिदी बहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्दछौं।

ऐतिहासिक महत्व बोकेको साँस्कृतिक गौरवको यो पर्व सामाजिक सद्भाव र भाइचारा कायम गर्दै न्यायपूर्ण समाज निर्माण गर्न प्रेरक रहेको छ। विगतको तुलनामा हालैका वर्षहरूमा होली पर्व मनाउने नाउँमा अनावश्यक तडक-भडक सहितका विभिन्न खर्चिला/भड्किला कार्यक्रमहरू हुने गरेको पाइएको छ। सामाजिक व्यवहार (सुधार) ऐन तथा नियमावली, २०३३ ले धार्मिक, सामाजिक तथा साँस्कृतिक पर्वहरू मनाउने विषयलाई व्यवस्थित र नियमन गरेको विदितै छ। तसर्थ चाडपर्वहरुको यस अवसरमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला एवम् झैझगडा गर्ने, मादक पदार्थको सेवन गरी पारिवारिक एवम् सामाजिक जनजीवन तथा सार्वजनिक मर्यादा र शान्ति खलल गर्ने, कसैको इच्छा विपरीत रंग एवम् पानीको लोला हान्ने, पानीको फोहोरा हान्ने, जबरजस्ती रङ दल्ने, अति उत्तेजित भई भागदौड गर्दा दुर्घटनामा परी ज्यान समेत जान सक्ने हुँदा यस्ता अमर्यादित कार्य नगर्न/नगराउन सबैमा अनुरोध छ।

साथै आफ्नो अधिकारको उपयोग गर्दा अरूको अधिकार हनन् नहुने गरी साँस्कृतिक पर्व मर्यादित, अनुशासित एवम् व्यवस्थित ढङ्गले मनाउनु हुन अनुरोध छ। कोही कसैले यस्ता अमर्यादित, उच्छृङ्खल, अवाञ्छित एवम् गैरकानूनी क्रियाकलाप गरेमा प्रचलित कानून बमोजिम कारवाही भइजाने व्यहोरा समेत सूचित गरिएको छ।

.............................
(अनिल पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी
सुचना अधिकारी एवम् प्रवक्ता